नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ | अंक २४६ | २०८३ साल बैशाख २४ गते बिहीबार (7 May 2026 Thursday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : स्थलमार्ग भएर नेपाल आउने ... ३ पृष्ठमा : उन्नाइस जिल्लामा हुलाकको ... ३ पृष्ठमा : चिप उद्योगमा भारतको ...

# हुलाकमार्फत राहदानी बुझिलिने सम्बन्धमा प्रशासन कार्यालय र हुलाकबीच समझदारी







**दैनिक समाचारदाता**
**राजविराज, २३ बैशाख ।**

हुलाकमार्फत राहदानी बुझिलिने सम्वन्धमा पहिलो पक्ष जिल्ला प्रशासन कार्यालय र दोश्रो पक्ष जिल्ला हुलाक कार्यालय सप्तरीबीच समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका सहायक प्रमुख जिल्ला अधिकारी नरेश कुमार यादव र जिल्ला हुलाक कार्यालयका निमित्त प्रमुख पुरुषोतम कुमार साहबीच उक्त समझदारी पत्रकार हस्ताक्षर भएको जनाइएको छ ।

नेपाल सरकारको शासकीय सुधारको १०० कार्यसूचीको बुँदा नं. २७ को कार्यान्वयनको सम्बन्धमा मंगलबार राहदानी हुलाकमार्फत सुरक्षित रुपमा सेवाग्राहीसम्म पुऱ्याउने उद्देश्यले सहमती भई समझदारी पत्रमा हस्ताक्षर भएको हो ।

समझदारीको उद्देश्य राहदानी वितरण प्रक्रियालाई सहज बनाउने, सेवाग्राहीलाई कार्यालयमै उपस्थित नभई राहदानी प्राप्त गर्ने सुविधा प्रदान गर्ने, सेवा प्रवाहमा पारदर्शिता र विश्वसनीयता कायम गर्ने रहेका छन् ।

राहदानीको लागि आवेदन दिएकै समयमा राहदानी बुझिलिने स्थान सम्वन्धी सम्पूर्ण विवरण सेवाग्राहीबाट लिने, तयार भई जिल्लामा प्राप्त राहदानीहरुको अभिलेख व्यवस्थापन गर्ने, सेवाग्राहीले फाराममा उल्लेख गरे अनुसार राहदानी सम्बन्धित स्थानीय तहमा रहेको हुलाक कार्यालयसम्म पठाउने, हुलाक कार्यालयलाई आवश्यक विवरण नाम, ठेगाना, सम्पर्क उपलब्ध गराउने, राहदानी सुरक्षित रुपमा प्याकिङ गरी हस्तान्तरण गर्ने, राहदानी पोर्टल आइसीएमएस प्रणालीमा सुरक्षित गर्ने र सम्बन्धित व्यक्तिले राहदानी बुझे/नबुझेको एकीन गरी राहदानी विवरण अद्यावधिक गर्ने पहिलो पक्षबाट समझदारी भएको छ ।

यस्तै दोश्रो पक्षबाट प्रथम पक्षबाट राहदानी प्राप्त गरी सुरक्षित रुपमा ढुवानी तथा वितरण गर्ने, सम्बन्धित स्थानमा राहदानी पुगिसकेपछि प्राप्तकर्तालाई सूचित गर्ने, प्राप्तकर्तालाई पहिचान पुष्टि गरी राहदानीवाला सम्बन्धित व्यक्तिलाई नै राहदानी हस्तान्तरण गर्ने, वितरणको अभिलेख राखेर प्रथम पक्षलाई पेश गर्ने, वितरणको समयमा कुनै समस्या भएमा सम्बन्धित निकायलाई जानकारी दिने समझदारी भएको छ ।

यसैगरि हुलाक सेवा वापत लाग्ने शुल्कः वैकल्पिक व्यवस्था नभए सम्म हाललाई लाग्ने हुलाक दस्तुर सेवाग्राहीबाट नियमानुसार असुल गरिने, राहदानी संवेदनशील कागजात भएकोले सुरक्षित रुपमा ब्रान्डल गरिने, सम्झौताको अवधि समझदारी पत्र हस्ताक्षर भएको मितिबाट लागू हुनेछ र आपसी सहमतिमा संशोधन वा समाप्त गर्न सकिनेछ दुबै पक्षबी समझदारी भएको हस्ताक्षरित पत्रमा उल्लेख छ ।

कार्यान्वयनको क्रममा कुनै समस्या उत्पन्न भएमा दुवै पक्षबीच आपसी समझदारीबाट समाधान गरिने समझदारी पत्रमा उल्लेख छ ।

## एम्बुलेन्सबाट गाँजा बरामद चालकसहित भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, २३ वैशाख ।**

सुनसरीको बराहक्षेत्र नगरपालिका २ पुलठ्ठे गैडामा एम्बुलेन्सबाट १ सय ४८ केजी गाँजा बरामद भएको छ ।

गाँजासहित एम्बुलेन्स चालक र त्यसमा सवार एक जना भारतीय नागरिक पक्राउ परेका छन् ।

सुनसरीका प्रहरी उपरीक्षक केशवकुमार थेबेका अनुसार एम्बुलेन्स चालक विहार सुपोलका १८ वर्षीय धर्मेन्द्रकुमार यादव र त्यसमा सवार २१ वर्षीय मोहमद सदामलाई पक्राउ गरिएको हो ।

## अनधिकृत लिङ्क नखोल्न आग्रह

काठमाडौं, २३ वैशाख (रासस) ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले विद्युतीय कारोबारसम्बन्धी विभिन्न एप तथा प्रणालीको प्रयोग गरेर बैंक तथा वित्तीय संस्थाको खातामा रहेको रकम चोरी भइरहेकाले सावधानी अपनाउन आग्रह गरेको छ ।

ब्यूरोले एक सूचनामार्फत विभिन्न व्यक्तिको मोबाइलमा कनेक्ट आइपिएससँग मिल्दो जुल्दो नाम राखेर विभिन्न मोबाइल नम्बर तथा विभिन्न एलर्ट पठाउने गरेको पाइएको जनाएको छ । प्रयोगकर्तालाई 'फिसिङ लिङ्क' पठाई व्यक्तिगत विवरण र बैंक खातामा अनधिकृत पहुँच पुऱ्याई ठूलो मात्रामा बैंक खाताको रकम चोरी गर्ने प्रवृत्ति बढ्दै गएको ब्यूरोको भनाइ छ । ब्यूरोले यस्ता अनधिकृत लिङ्क नखोल्न तथा सचेत रहन आग्रह गरिएको प्रवक्ता दिलीपकुमार गिरीले जानकारी दिनुभयो ।

## निजामती ट्रेड युनियनसम्बन्धी व्यवस्था खारेज, सरकारी सम्पत्ति फिर्ता गर्न आग्रह

काठमाडौं, २३ वैशाख (रासस) ।

सरकारले निजामती सेवामा रहेका ट्रेड युनियनसम्बन्धी व्यवस्था खारेज गरेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृत विवेक विडारीले मंगलबार विज्ञप्ति जारी गरी केही नेपाल ऐनलाई संशोधन

*बाँकी अन्तिम पृष्ठमा*

**सडक सुरक्षा**

सडकमा हिड्दा होसियार बनौ, नियम मानेर अनुशासित बनौ
हेलमेट, सिटबेल्ट, नबिर्सौ, जीवनलाई
सुरक्षित बनाऔं ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

मोबाइलमा होइन सडकमा हेरौं, जीवन लिने दुर्घटना टारौं ।
सबैले साबधानी अपनाऔं, लापरबाही गरी ज्यानलाई
जोखिममा नपारौं ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

रात होस् वा दिन, नियम पालना, सुरक्षित यात्रा हाम्रो कामना
मादक पदार्थ सेवन गरी गाडी नकुदाऔं,
आफ्नो र अरुको ज्यान बचाऔं ।
**आमसंचार प्राधिकरण**
**मधेश प्रदेश, जनकपुरधाम**

## सम्पादकीय

### प्रहरीसँग सहकार्य गर्न स्थानीयवासीको समेत सहयोग आवश्यक

सप्तरी प्रहरीले अहिले जिल्लामा लागुऔषध सहित अदालतबाट कैद, सजाय तथा जरिवाना तोकी फरार रहेका प्रतिवादीलाई पक्राउ गर्ने क्रमलाई निरन्तरता दिइरहेको छ । खुल्ला सीमानाका हुँदै नेपाल भित्रिने लागुऔषधसहित सेवनकर्तालाई दिनहुँ जसो पक्राउ गरिरहेको छ । भारतीय खुल्ला सीमानाहुँदै नेपालतर्फ दैनिकी रुपमा विभिन्न लागुऔषध भित्रिने गरेको छ । प्रहरीले कडा निगरानी राख्दै नेपालमा प्रतिबन्धित त्यस्ता लागुऔषधलाई जफत गरिरहेको छ । त्यस्ता नाकाबाट लागुऔषध भित्र्याउन नेपाली युवाहरु नै बढी सक्रिय रहेको देखिएको छ । कतिपय लागुऔषधको कुलतमा लागेको त कतिपयले बिक्रि गर्ने उद्देश्यले सो कार्यमा संलग्न रहेको प्रहरीको तथ्याङ्ले देखाएको छ ।

त्यस्तै अदालतबाट विभिन्न मुद्दामा कैद, सजाय र जरिवाना तोकी फरार रहेका प्रतिवादीलाई समेत प्रहरीले पक्राउ गर्न तदारुकता देखाएको छ । उनीहरुलाई खोजतलास गर्दै पक्राउ गरि अदालतसमक्ष पेश गरि बुझाइन्छ । जिल्लामा बढ्दै गएको लागुऔषधको प्रयोगलाई नियन्त्रण तथा निरुत्साहित गर्ने प्रहरीको अभियान नै चलाएको छ । यस्ता कार्यले समाजमा बिकृती बढाउने भएकोले प्रहरीले नियन्त्रण गर्न गरेको अभियान भने सह्रानिय छ ।

अभिभावकको उचित हेरचारको अभावमा कुलतमा फसेका ती युवाहरुको लागु औषधका कारण भविष्य अन्धकार भइरहेको कुरालाई आत्मसाथ गर्नु जरुरी छ । यस्ता कार्यमा प्रहरीसँग सहकार्य गर्न स्थानियवासीसँगै स्थानिय सरकारको समेत अहम भूमिका हुन्छ । तसर्थ यस्ता नकारात्मक कार्यलाई निरुत्साहित पार्न विभिन्न दिर्घकालिन योजना तथा जनचेतनामूलक कार्यक्रमलाई अगाडी बढाउनु पनि उत्तिकै जरुरी छ ।

# स्थलमार्ग भएर नेपाल आउने पर्यटकवाहक सवारीसाधनको दर्ता 'अनलाइन'बाटै

काठमाडौं, २३ वैशाख (रासस) । सरकारले भारतीय पर्यटक तथा भारत भएर नेपाल भित्रिने अन्य देशका पर्यटकलाई सहजीकरण गर्न 'अनलाइन' सेवा सुरु गरेको छ ।

अर्थ मन्त्रालय मातहतको भन्सार विभागले स्थलमार्ग भएर नेपाल भित्रिने विदेशी सवारीसाधनले अनलाइनबाटै विवरण भर्न र राजस्व तिर्न सक्ने प्रणाली विकास गरेर सञ्चालनमा ल्याएको हो । उक्त प्रणालीको एक कार्यक्रमबीच अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुभारम्भ गर्नुभयो ।

नयाँ प्रणाली सञ्चालनमा आएसँगै अब नेपालमा सवारीसाधन लिएर भित्रिने भारतीय पर्यटक तथा तेस्रो मुलुकका पर्यटकले अनलाइनबाटै आफ्नो विवरण र राजस्व तिर्न सक्नेछन् । यसअघि भन्सार नाकामा आएर यस्ता सवारीसाधनले भौतिक रूपमा अस्थायी इजाजत लिनुपर्ने व्यवस्था थियो ।

साथै, नेपाल यात्राकै क्रममा यात्रा अवधि सकिए नवीकरणका लागि भन्सार नाकामै पुग्नुपर्ने वा जरिवाना तिर्नुपर्ने अवस्था थियो । तर, नयाँ अनलाइन प्रणाली सुरु भएसँगै अब नेपाल भित्रिने पर्यटकले आफ्नो सवारीसाधनको इजाजतपत्र घरैबाट अनलाइनमार्फत भरेर अनलाइनबाटै पैसा तिरेर बिना झन्झट नेपाल घुम्न आउन सक्छन् । नयाँ अनलाइन सहजीकरण सेवाको शुभारम्भ गर्दै अर्थमन्त्री डा वाग्लेले सीमा क्षेत्रमा पर्यटकले पाउने सास्ती अब हट्ने बताउनुभयो ।

"सरकारले अनुसरण गरेको सुशासन र छरितो गुणस्तरीय सार्वजनिक सेवा दिने घोषणा कार्यान्वयनकै क्रममा यो कार्य सुरु गरिएको हो," अर्थमन्त्री डा वाग्लेले भन्नुभयो, "पर्यटकलाई कुनै कठिनाइ नहोस् । सरकारी सेवा छिटो र छरितो होस् भन्ने हामी चाहन्छौँ ।"

नयाँ प्रणाली सुरुआत गर्दै भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले नेपाल भित्रिने पर्यटक बोकेका विदेशी सवारीसाधनको इजाजत अब 'डिजिटल' भएको बताउनुभयो । उहाँका अनुसार अब नेपाल प्रवेश गर्ने यात्रु तथा पर्यटकले प्रयोग गर्ने विदेशी सवारीसाधनसम्बन्धी विवरण अनलाइनमै स्वयं घोषणा गर्न सक्नेछन् । जसले प्रक्रिया थप पारदर्शी र प्रभावकारी बनाउनेछ ।

नेपाल सरकारलाई तिर्ने राजस्व पनि त्यस्ता पर्यटकवाहक सवारीले अनलाइनबाटै वा बैङ्क काउन्टरबाट तिर्न सक्छन् । अनलाइनबाट पैसा तिरेका गाडीले भन्सारमा आफ्नो 'इमेल'मा प्राप्त 'क्युआर कोड' देखाएरै नेपाल छिर्न सक्ने उहाँको भनाइ छ । यसरी प्राप्त हुने क्यूआर बोकेर पर्यटकवाहक सवारी आफ्नो गन्तव्यमा पुग्नसक्ने विभागले जनाएको छ ।

विभागका अनुसार यस्ता सवारीसाधनले आफ्नो यात्रा अवधि सकिएको खण्डमा पनि आफू रहेको नेपालस्थित ठेगानाबाट अनलाइनमार्फत नै यात्रा अवधि थप गर्न सक्नेछन् । यो सबै सेवा लिनका लागि भन्सार विभागको 'वेबसाइट'मा गएर हाम्रा सेवाहरू शीर्षकमा रहेको टिआइभी शीर्षकमा 'क्लिक' गर्नुपर्छ र त्यसबाट भित्र रहेको विवरण अनलाइनबाट भर्न सकिन्छ ।

सबै विवरण अद्यावधिक गरिसकेपछि अन्तिममा ग्राहकलाई विवरण सबै खुल्ने क्युआरकोड प्राप्त हुन्छ । सोको आधारमा आफूले तिर्नुपर्ने शुल्क तिरेर सवारीसाधनहरू नेपाल भित्रिन सक्छन् । नेपालभरका सडकमा त्यस्ता सवारीले सोही क्युआर कोड देखाएको खण्डमा यात्रा गर्न पाउँछन् ।

विभागका अनुसार नेपाल राष्ट्रिय एकद्वार प्रणालीमार्फत नेपाल भित्रिने विदेशी नागरिकहरूलाई सहजता प्रदान गर्न अस्थायी सवारी आयात (टिआइभी) 'मोड्युल' विकास गरिएको हो ।

तत्कालका लागि यो सेवा नेपाल भित्रिने भारतीय तथा तेस्रो देशका पर्यटकले प्रयोग गर्ने सवारीसाधनका लागि लागू गरिएको भन्सार विभागले स्पष्ट पारेको छ । हाललाई चिनियाँ नाका भएर स्थलमार्गबाट चिनियाँ सवारीसाधनसहित पर्यटक आउने नगरेको र आएको खण्डमा उनीहरूका हकमा पनि यो सेवा रहेको विभागले जनाएको छ । तत्कालका लागि यो सेवाबाट भारत र बङ्गलादेशका पर्यटक लाभान्वित हुने विश्वास विभागको छ ।

# बैङ्क खाताको रकम चोरीका घटना बढ्यो, सचेत रहन साइबर ब्यूरोको आग्रह

काठमाडौं, २३ वैशाख (रासस) । पछिल्लो समय बैङ्क खाताबाट रकम चोरी हुने घटनामा वृद्धि हुँदै गएको भन्दै नेपाल प्रहरी साइबर ब्यूरोले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दिलीपकुमार गिरिले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा अज्ञात तथा आपराधिक गिरोहहरूले मोबाइल प्रयोगकर्ताहरूलाई लक्षित गरी ठगी गर्ने नयाँ तरिका अपनाइरहेको उल्लेख गरिएको छ ।

ती गिरोहहरूले 'कनेक्ट आइपिएस' जस्ता सेवासँग मिल्दोजुल्दो नाम प्रयोग गरी विभिन्न मोबाइल नम्बरहरूबाट सन्देश पठाउने गरेको पाइएको विज्ञप्तिमा उल्लेख छ ।

उक्त सन्देशमा 'तपाईंको खाता लक गरिएको छ' भन्दै पुनः पहुँच प्राप्त गर्न 'एक्सेस रिजन' गर्न आग्रह गरिन्छ र त्यसका लागि विभिन्न शङ्कास्पद लिङ्कहरू पठाइन्छन् । प्रयोगकर्ताले ती लिङ्कमा क्लिक गरेपछि व्यक्तिगत विवरण सङ्कलन गरी बैङ्क खातामा अनधिकृत पहुँच पुऱ्याई ठूलो मात्रामा रकम चोरी गर्ने गरिएको साइबर ब्यूरोले जनाएको छ ।

ब्यूरोले यस्ता साइबर अपराधबाट जोगिनका लागि केही महत्वपूर्ण सुझावहरू पनि दिएको छ । शङ्कास्पद लिङ्कहरूमा क्लिक नगर्ने, बैङ्किङ कारोबारका लागि सधैं आधिकारिक 'वेबसाइट' वा 'एप' मात्र प्रयोग गर्ने, आफ्ना गोप्य बैङ्किङ विवरण कसैसँग पनि साझा नगर्ने तथा कुनै पनि संदिग्ध गतिविधि देखिएमा तत्काल प्रहरी, साइबर ब्युरो वा सम्बन्धित बैङ्कमा जानकारी गराउन विज्ञप्तिमार्फत आग्रह गरिएको छ ।

साइबर अपराधको जोखिम दिन प्रतिदिन बढ्दै गइरहेको सन्दर्भमा सचेतना र सावधानी नै सुरक्षित रहने प्रमुख उपाय भएको ब्यूरोले उल्लेख गरेको छ ।

साइबर ब्यूरो भोटाहिटीको टोलीले साइबर ब्यूरोको नाम लिएर अनलाइन घोटाला (ठगी) गर्ने गरेको अभियोगमा चार जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा धनकुटा साँगुरीगढी गाउँपालिका-३ का ३० वर्षीय दीपक लिम्बू, सुनसरी धरान उपमहानगरपालिका-९ का २१ वर्षीय सौरव भुजेल, सोही उपमहानगरपालिका-१३ का २८ वर्षीय सजल राई तथा सुनसरी इनरुवा नगरपालिका-६ का २४ वर्षीय सृजन थापा रहेका प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटीका प्रवक्ता एवं प्रहरी उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "साइबर ब्युरो भोटाहिटीको नाम दुरूपयोग गरी टुकलरमा समेत साइबर ब्युरो देखिने बनाई पीडितलाई फोन सम्पर्क गरी डर, त्रास तथा प्रलोभनमा पारी रकम पठाउन लगाई विद्युतीय माध्यम सम्बद्ध ठगी कार्य भएको भनी पीडित व्यक्तिहरूको निवेदनका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो ।"

प्राविधिक अनुसन्धान तथा विश्लेषणबाट उक्त कार्यमा निज चार जनाको संलग्नता खुल्न आएकाले साइबर ब्युरोबाट खटिएको टोलीले इलाका प्रहरी कार्यालय, धरानको समन्वय एवं सहयोगमा पक्राउ गरेको ब्यूरोले जनाएको छ । पक्राउ परेका चारै जनाविरुद्ध विद्युतीय माध्यम सम्बद्ध ठगीअन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौंबाट चार दिनको म्याद थप गरी अनुसन्धान कार्य भइरहेको प्रवक्ता गिरीले बताउनुभयो ।

# कोशी प्रदेशबाट सुरु भयो प्रहरी परिवारका लागि निःशुल्क आँखा स्वास्थ्य सेवा अभियान

विराटनगर, २३ वैशाख (रासस) । नेपाल प्रहरी अस्पताल र नेपाल नेत्रज्योति सङ्घबीच बहालवाला तथा पूर्वप्रहरी कर्मचारी, तिनका आश्रित परिवार र सर्वसाधारणलाई गुणस्तरीय आँखा उपचार सेवा उपलब्ध गराइने भएको छ ।

सातै प्रदेशमा आँखा स्वास्थ्य सेवा सञ्चालन गर्ने ती दुई निकायबीचमा सम्झौता भएको थियो । सोही सम्झौताअनुसार अभियानको सुरुआत कोशी प्रदेशबाट गरिएको छ ।

नेपाल प्रहरी कोशी प्रदेश कार्यालयको आयोजना तथा नेपाल नेत्रज्योति सङ्घअन्तर्गत सञ्चालित विराटनगर आँखा अस्पतालको प्राविधिक सहकार्यमा प्रहरी कर्मचारी, तिनका परिवार तथा पूर्वप्रहरी कर्मचारीका लागि मङ्गलबार निःशुल्क आँखा स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

शिविरमा २९९ जनाको आँखा परीक्षण गरिएको थियो । यस क्रममा ११२ जनामा दृष्टिदोष पहिचान भएको थियो भने २६० जनालाई आवश्यक औषधि वितरण गरिएको सङ्घद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । साथै, ६४ जनालाई निःशुल्क चस्मासहित आँखा स्वास्थ्य सेवा प्रदान गरिएको थियो ।

कार्यक्रमको शुभारम्भ नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक विनोद घिमिरे तथा नेपाल नेत्रज्योति सङ्घका केन्द्रीय महासचिव भरत चन्दले संयुक्त रूपमा गर्नुभएको थियो ।

कार्यक्रममा विराटनगर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष पद्मनारायण चौधरीले निःस्वार्थ भावनाका साथ सेवा प्रदान गर्दै शिविरलाई सफल बनाउन योगदान पुऱ्याउने विशेषज्ञ चिकित्सक, प्राविधिक टोली तथा सम्बन्धित सबैप्रति आभार व्यक्त गर्नुभयो ।

त्यसैगरी, नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले यस्ता स्वास्थ्य शिविरमार्फत विभिन्न आँखासम्बन्धी समस्या समयमै पहिचान भई उपचार तथा परामर्श प्राप्त हुने भएकाले प्रहरी कर्मचारी तथा प्रहरी परिवारको स्वास्थ्य सुरक्षामा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

शिविरमा विराटनगर आँखा अस्पतालका प्राविधिक टोलीसहित अस्पताल प्रबन्धक कुमार पृथुकोसमेत उपस्थिति थियो । नेपाल नेत्रज्योति सङ्घले विगत करिब पाँच दशकदेखि देशभर गुणस्तरीय, तथा सर्वसुलभ आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ ।

सङ्घमार्फत सञ्चालित आँखा अस्पताल तथा उपचार केन्द्रहरूले स्थापनादेखि सन् २०२५ को अन्तिमसम्ममा सङ्घको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कुल पाँच करोड दुई लाख ४८९ जना आँखाका बिरामीलाई उपचार सेवा प्रवाह गरिसकेको छ भने ५६ लाख ५९ हजार ६२४ जनाको आँखाको शल्यक्रिया सम्पन्न भइसकेको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# उन्नाइस जिल्लामा हुलाकको घरमै सेवा : राहदानी, लाइसेन्स, शैक्षिक प्रमाणपत्रलगायत कागजात ढुवानी

काठमाडौँ, २३ वैशाख (रासस)।

सरकारले सार्वजनिक सेवा प्रवाहलाई घरदैलोमै पुर्‍याउने उद्देश्यसहित सुरु गरेको सरकारी कुरियर सेवा विस्तार क्रममा उल्लेखनीय प्रगति भएको देखिएको छ। हुलाक सेवा विभागका अनुसार हालसम्म १९ जिल्लाबाट यो सेवा सञ्चालनमा आइसकेको छ।

गत चैत १३ गते सरकारले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० दिने कार्यसूचीअन्तर्गत हुलाक सेवालाई आधुनिकीकरण गर्दै सरकारी कुरियर सेवाका रूपमा विकास गर्ने लक्ष्य राखिएको थियो।

उक्त योजना कार्यान्वयनका लागि सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनाले सम्बन्धित निकायहरूसँग यसको कार्यप्रगति र देखिएका समस्याका सन्दर्भमा निरन्तर समन्वय तथा छलफल गरिरहनुभएको छ। सञ्चार मन्त्रालयका अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र मातहतका निकायहरू पनि सक्रियतापूर्वक लागिरहेका छन्।

हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीका अनुसार कार्यक्रम सुरु भएपछि हालसम्म तीन हजार १३१ वटा राहदानी सम्बन्धित जिल्लासम्म ढुवानी गरिएको छ। तीमध्ये ६६७ वटा राहदानी सेवाग्राहीको घरमै पुगेर वितरण भइसकेको विभागले जनाएको छ। यसले नागरिकलाई राहदानी प्राप्त गर्नका लागि जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यतालाई घटाउँदै सेवा प्रवाहलाई सहज बनाएको देखिन्छ।

विभागका अनुसार काठमाडौँ, गुल्मी, डडेलधुरा, झापा, सिन्धुपाल्चोक, कालीकोट, मकवानपुर, बझाङ, कास्की, मोरङ, धनकुटा, बैतडीलगायत १९ वटा जिल्लासँग यस्तो सेवाका लागि सम्झौता भइसकेको छ भने अन्य जिल्लामा पनि विस्तारको प्रक्रिया अगाडि बढाइएको छ। अहिले सबै जिल्ला प्रशासन कार्यालयहरूले राहदानीका लागि आवेदन दिँदा नै सेवाग्राहीको ठेगाना सङ्कलन कार्य सुरु गरिसकेको महानिर्देशक पँगेनीले बताउनुभयो। यसले भविष्यमा वितरणलाई अझ व्यवस्थित बनाउने उहाँको भनाइ छ।

राहदानीसँगै अन्य सरकारी सेवाहरू पनि हुलाकमार्फत घरदैलोमा पुर्‍याउने काम तीव्र पारिएको छ। हालसम्म २६० वटा शैक्षिक प्रमाणपत्र वितरण भइसकेको छ भने स्वास्थ्य क्षेत्रमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला सँगको सहकार्यमा १४ वटा प्रयोगशाला नमूना ढुवानी गरिएको छ। सुर्खेत, बाँके, काठमाडौँलगायत जिल्लाबाट प्रयोगशाला नमूना ढुवानी थालिएको हो।

यातायात सेवामा पनि हुलाक प्रणालीको प्रयोग उल्लेखनीय रूपमा विस्तार भएको छ। विभागका अनुसार मङ्गलबार दिउँसो ३:०० बजेसम्म दुई लाख ९६ हजार ५४५ वटा सवारी चालक अनुमतिपत्र सम्बन्धित यातायात कार्यालयहरूमा पठाइसकिएको छ। मोरङ, कास्कीलगायत जिल्लाबाट यातायात कार्यालयसँग समन्वय गरी लाइसेन्स घरमै पुर्‍याउने सेवा पनि सुरु गरिएको छ।

हुलाक सेवा विभागले सेवा विस्तारसँगै संस्थागत सुधारका कामहरू पनि अघि बढाएको जनाएको छ। नेपाल टेलिकम सँग सहकार्य गरी सिमकार्ड घरमै पुर्‍याउने सेवा चाँडै सुरु गर्ने तयारी गरिएको छ।

त्यस्तै, मध्यपश्चिम विश्वविद्यालयसँग प्रश्नपत्र, उत्तरपुस्तिका तथा प्रमाणपत्र ढुवानी कार्य सुरु भइसकेको छ। शैक्षिक प्रमाणपत्र ढुवानीका लागि नेपाल खुला विश्वविद्यालयसँग छलफल अघि बढेको छ।

प्रणालीगत सुधारतर्फ राहदानी विभागसँग प्रणाली अन्तरआबद्धता गर्न अध्ययन समिति गठन गरिएको छ भने महालेखा नियन्त्रक कार्यालयसँग प्रणाली एकीकरणका लागि पहल भइरहेको छ। साथै, प्रदेशस्तरका निर्देशनालय र जिल्ला कार्यालयहरूसँग सहकार्य गरी डाँक रेखा पुनरावलोकन तथा पोस्टल इन्टरनल ट्र्याकिङ सिस्टम (पिट्स) मा पोस्टल कोड स्तरोन्नति गर्ने कार्य पनि अगाडि बढाइएको विभागले जनाएको छ।

# ‘स्वदेशमै श्रमको उचित मूल्य र सम्मान प्राप्त नहुँदा विदेशिन बाध्य’

**मधु शाही**

काठमाडौँ, २३ वैशाख (रासस)।

दुबई प्रस्थान गर्न लाग्नुभएका ध्रुव विशाललाई स्वदेशमै श्रम गर्ने मन थियो। त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा भेटिनुभएका दाङ घोराहीका ३७ वर्षीय विशालले काठमाडौँमा फोहर उठाउनेदेखि होटलमा वेटरको कामसमेत गर्नुभयो। तर, ती सबै ठाउँमा उहाँले कामअनुसारको उचित पारिश्रमिक र समयमा तलब पाउनुभएन। उहाँले भन्नुभयो, “परिश्रमको मूल्य नै पाइएन, त्यही भएर विदेशिन लागेको हुँ।”

धनकुटाका गुन्जन तामाङ मनोरञ्जन क्षेत्रमा काम गर्नुहुन्छ। उहाँले यस क्षेत्रमा काम गर्न थाल्नुभएको नौ महिना भयो। उचित पारिश्रमिक नपाउने, काममा साहुको अपमानजनक व्यवहारले गर्दा उहाँले नौ महिनामै चार ठाउँमा काम गर्नुपरेको गुनासो गर्नुभयो। “तलबै नदिएपछि के बसिरहनु”, उहाँले भन्नुभयो, “मनोरञ्जन क्षेत्रमा हामीलाई साहु, ग्राहक देखि छिमेकीले समेत अपमान गर्छन्।” रोजगारको स्थायित्व नहुँदा उहाँले पनि वैदेशिक रोजगारीमा जान राहदानी बनाइसकेको बताउनुभयो।

वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार पछिल्लो एक महिनामा ६२ हजार २६५ जना वैदेशिक रोजगारमा गएका छन्। श्रमिकले स्वदेशमा श्रम नपाउनु र श्रमको उचित सम्मान नहुँदा विदेशिन बाध्य भएको श्रम अधिकारकर्मी नवीन कुमारको धारणा छ। जिफन्टको अध्ययनअनुसार नेपालमा हालसम्म एक करोड ३० लाख बढी श्रमिक छन्। यद्यपि यी श्रमिकका शारीरिक, मानसिक, सामाजिक सुरक्षा भने अझै व्यवस्थित हुनसकेको छैन। “न्यूनतम ज्याला नपाएका, समान जाला नपाएका श्रमिकको अवस्था अझै उस्तै छ”, उहाँले भन्नुभयो, “जसले गर्दा युवा पुस्तामा वितृष्णाका कारण अझै लागि विदेशिने गरेका छन्।”

राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो प्रतिवेदनअनुसार नेपालमा युवा बेरोजगारदर १२.७ प्रतिशत छ। त्यसमा पनि १५ वर्षदेखि २५ वर्ष उमेर समूहका युवा बेरोजगार बढी छन्। सो तथ्याङ्कअनुसार श्रम बजारमा ३७.५ प्रतिशतमात्रै सहभागी छन्।

नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रूपमा समावेश गरेको छ। सोही हकको कार्यान्वयन गर्न रोजगारीको हकसम्बन्धी ऐन, २०७५ जारी गरेको छ। सरकारले आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटमार्फत सार्वजनिक विकास निर्माणको कार्यहरूमा रोजगारीका अवसर सृजना गरी आगामी पाँच वर्षमा कुनै पनि नेपाली नागरिकले बाध्यतावशः वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने घोषणा पनि गरेको थियो। तर त्यो घोषणा कार्यान्वयन हुन सकेन।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले २०८१ वैशाखदेखि स्वदेशमा रोजगार सृजना गर्ने हेतुले ‘श्रम संसार प्रणाली’का रूपमा डिजिटल एप सञ्चालन गरेको छ। उक्त एपमार्फत रोजगारी खोज्नेको सङ्ख्या ९६ हजार ९७३ रहेका छन्। तर रोजगारी पाउनेको सङ्ख्या भने जम्मा नौ जनामात्र देखिन्छ।

सो एपबाट जागिर खोज्दा ‘इन्ट्री’ गर्ने तर, पाइसकेपछि पाएको सूचना अभिलेख नगर्ने भएकाले जागिर पाउनेको तथ्याङ्क कम देखिएको मन्त्रालयका इन्जिनियर इन्द्रनारायण यादवले बताउनुभयो। “रोजगारको अभाव छैन, खोजी गर्न सके श्रम संसार प्रणालीले सजिलो बताएको छ”, उहाँले भन्नुभयो।

भूमि व्यवस्था, [illegible] मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८३/०१/२२

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती न. १६५ फकिर लाल मांझीको नाममा कायम रहेका साबिक प्रगन्ना पकरी मौजे चन्दौरा पहरिया सा.कि.न. १३४४ को ज.बि. ०-१-७ जग्गा महती सुनर दास तथा गोपाल दासको नाममा ७ न. फाटवारीमा जि.स. ५, राजविराज सा.कि.न.१३४४ ज.बि. ०-०-७ कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. हनुमाननगर वार्ड नं.१ हाल हनुमाननगर कङ्कालिनी न.पा. वडा नं. ७ बस्ने सुनर दासको नाती अवधलाल दासको छोरा राम लाल दासको यस कार्यालयमा द.नं. ८९९६ मिति २०८२/०९/०६ गतेमा मान निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/०१/२१ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गौचर, समसानघाट, पैनी, पोखरी, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही गै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.न. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड न. | हालको कि.न. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १३४४ | फकिर लाल मांझी | राजविराज | ५क | २८ | ०-०-४ | राम लाल दास | यो जग्गा [illegible] ज.ध. महत खानी, किसान को महत खानी, [illegible] महत खानी, कैफियत महलमा यो जग्गा राजविराज वार्ड नं. ४ बस्ने [illegible] छ भनिएको। |

## विश्व समाचार

### चिप उद्योगमा भारतको तीव्र विस्तार

नयाँदिल्ली, २३ वैशाख (रासस/एएफपी)।

विश्वव्यापी सेमिकन्डक्टर आपूर्ति शृङ्खलामा आफ्नो स्थान मजबुत बनाउने लक्ष्यसहित भारतले ४१ करोड ४० लाख डलर बराबरका दुई नयाँ सेमिकन्डक्टर परियोजनालाई स्वीकृति दिएको छ। यो निर्णयले देशलाई इलेक्ट्रोनिक्स उत्पादनको उदीयमान केन्द्रका रूपमा स्थापित गर्ने सरकारी प्रयासलाई थप गति दिने अपेक्षा गरिएको छ।

सरकारले सोमबार राति स्वीकृति दिएका यी परियोजनामध्ये एक एलइडी डिस्प्ले उत्पादन सुविधा हो भने अर्को सेमिकन्डक्टर प्याकेजिङ युनिट हो। यी दुई थपिएसँगै भारतमा यस्ता परियोजनाको सङ्ख्या १२ पुगेको छ। यसमा करिब १७ अर्ब २० करोड डलर बराबरको कुल लगानी प्रतिबद्ध रहेको बताइएको छ।

भारतले सन् २०२१ देखि घरेलु चिप उत्पादन क्षमतामा विस्तार गर्ने रणनीति अघि बढाउँदै आएको छ। आयातमा निर्भरता घटाउने, आपूर्ति प्रणालीलाई सुरक्षित बनाउने तथा प्रविधिमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यले निर्माण, डिजाइन र प्याकेजिङसँग सम्बन्धित विभिन्न पूर्वाधारमा निरन्तर लगानी बढाइएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले यी नयाँ परियोजनाहरूलाई भारतलाई विश्वव्यापी सेमिकन्डक्टर मूल्य शृङ्खलामा अग्रणी बनाउने दीर्घकालीन योजनाको महत्वपूर्ण हिस्सा भएको बताउनुभएको छ। उहाँका अनुसार सेमिकन्डक्टर क्षेत्रमा भइरहेको प्रगतिले आर्थिक रूपान्तरणलाई तीव्र बनाउने, प्राविधिक आत्मनिर्भरता सुदृढ गर्ने र नवप्रवर्तनमा आधारित पारिस्थितिकी प्रणालीलाई थप ऊर्जा प्रदान गर्नेछ।

सरकारी विवरणअनुसार एलइडी परियोजना मिनी र माइक्रो डिस्प्ले मोड्युल उत्पादनमा केन्द्रित रहनेछ। यसका लागि कम्पाउन्ड सेमिकन्डक्टर निर्माणसम्बन्धी एकीकृत सुविधा स्थापना गरिनेछ। त्यस्तै, प्याकेजिङ युनिटले अटोमोबाइल, औद्योगिक तथा उपभोक्ता इलेक्ट्रोनिक्स क्षेत्रमा आवश्यक पर्ने चिप समाधान उपलब्ध गराउने लक्ष्य राखेको छ।

यी पहलहरूले देशभित्र विकास भइरहेको उच्चस्तरीय चिप डिजाइन क्षमतालाई पूरक सहयोग पुर्‍याउने र समग्र सेमिकन्डक्टर पारिस्थितिकी प्रणालीलाई उल्लेखनीय रूपमा सुदृढ बनाउने विश्वास सरकारको छ।

भारतको चिप बजार पनि तीव्र रूपमा विस्तार भइरहेको छ। सन् २०२३ मा करिब ३८ अर्ब डलरको रहेको बजार सन् २०२४-२५ सम्म ४५ देखि ५० अर्ब डलरसम्म पुगे अनुमान गरिएको छ। सरकारले सन् २०३० सम्म यस क्षेत्रलाई एक खर्ब डलरको स्तरमा पुर्‍याउने महत्त्वाकाङ्क्षी लक्ष्य अघि सारेको छ।

यसअघि स्वीकृत कतिपय उत्पादन केन्द्रहरूले सञ्चालन सुरु गरिसकेका छन् भने दुई परियोजनाले त व्यावसायिक ढुवानीसमेत सुरु गरिसकेको बताइएको छ, जसले भारतको चिप उद्योग विस्तारको गति झन् स्पष्ट बनाएको छ।

### हर्मुजमा इरानको नयाँ नियन्त्रण नीति

तेहरान, २३ वैशाख (रासस/एएनआई)।

विश्व ऊर्जा आपूर्तिको सबैभन्दा संवेदनशील समुद्री मार्गमध्ये एक मानिने स्ट्रेट अफ हर्मुजमा इरानले आफ्नो नियन्त्रण थप कडा बनाउँदै जहाजहरूको आवागमनमा नयाँ ‘सार्वभौम’ नियम लागू गरेको छ। अब उक्त जलघाँटी पार गर्नअघि सबै अन्तर्राष्ट्रिय जहाजहरूले अनिवार्य रूपमा पूर्व अनुमति लिनुपर्ने व्यवस्था लागू गरिएको छ।

रानको राज्य सञ्चालित प्रेस टिभीका अनुसार नयाँ प्रणालीअन्तर्गत हर्मुज हुँदै यात्रा गर्न चाहने शिपिङ कम्पनीहरूले पर्सियन गल्फ स्ट्रेट अथोरिटी (पिजिएसए) सँग सम्बन्धित निकायबाट विद्युतीय निर्देशन प्राप्त गर्नुपर्नेछ। ती निर्देशनहरूमा अद्यावधिक नियमहरू, मार्गसम्बन्धी मापदण्ड र पालना गर्नुपर्ने सर्तहरू समावेश हुनेछन्, जसलाई सबै जहाजहरूले अनिवार्य रूपमा अनुसरण गर्नुपर्नेछ।

यस नयाँ प्रोटोकलअनुसार जहाजहरूले जलघाँटीमा प्रवेश गर्नुअघि ‘ट्रान्जिट अनुमति’ लिनुपर्ने व्यवस्था गरिएको छ। इरानी राज्य मिडियाले यसलाई आफ्नो अधिकार क्षेत्रभित्र लागू गरिएको ‘सार्वभौम शासन प्रणाली’ का रूपमा व्याख्या गरेको छ, जसले रणनीतिक समुद्री मार्गमाथि नियन्त्रण अझ सुदृढ बनाउने लक्ष्य राखेको देखिन्छ।

यो कदम इरानका संसद अध्यक्ष मोहम्मद बाघेर घालीबाफले हालै जलमार्ग नियन्त्रणसम्बन्धी ‘नयाँ समीकरण’ लागू भइरहेको बताउनुभएको घोषणापछि आएको हो। सामाजिक सञ्जालमार्फत उहाँले संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूले युद्धविराम उल्लङ्घन र नाकाबन्दीमार्फत ऊर्जा ढुवानीको सुरक्षामा खतरा सिर्जना गरेको आरोप लगाउनुभएको थियो।

घालीबाफले इरानले हालको अवस्था राम्ररी बुझेको उल्लेख गर्दै अमेरिकाका लागि विद्यमान यथास्थिति असहज रहेको दावी गर्नुभयो। उहाँका अनुसार इरानले अझै पूर्ण रूपमा आफ्नो कदम सुरु नगरेको अवस्थामा पनि वासिङ्टन दबाबमा रहेको सङ्केत देखिएको छ।

यसैबीच, इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) को नौसेनाले पनि क्षेत्रीय उपस्थितिलाई कडा बनाउँदै सबै जहाजहरूलाई नयाँ चेतावनी जारी गरेको छ। आइआरजिसीले तोकिएको समुद्री मार्गको कडाइका साथ पालना गर्न निर्देशन दिँदै कुनै पनि विचलन भए सैन्य कारबाही हुन सक्ने चेतावनी दिएको छ।

राज्य मिडियामार्फत जारी सन्देशमा आइआरजिसीले हर्मुज पार गर्ने जहाजहरूका लागि इरानले निर्दिष्ट गरेको कोरिडोर नै ‘एक मात्र सुरक्षित मार्ग’ भएको जनाएको छ। यस मार्गबाहिर जाने कुनै पनि प्रयास असुरक्षित हुने र त्यसको परिणामस्वरूप निर्णायक हस्तक्षेप गरिने चेतावनीसमेत दिइएको छ।

यी घटनाक्रम अमेरिकी रक्षामन्त्री पीट हेग्सेथको हालैको टिप्पणीसँगै बढेको क्षेत्रीय तनावको पृष्ठभूमिमा आएका हुन्। उहाँले व्यावसायिक जहाजहरूको सुरक्षा लागि अमेरिकी प्रयासहरू यस क्षेत्रमा सञ्चालन भइरहेका अन्य सैन्य गतिविधिभन्दा फरक रहेको बताउनुभएको थियो।

गत फेब्रुअरी अन्त्यदेखि नै इरानले समुद्री आवागमन नियन्त्रणलाई क्रमशः कडा बनाउँदै आएको छ। तरलीकृत प्राकृतिक ग्यास र कच्चा तेलको प्रमुख ढुवानी मार्गका रूपमा रहेको हर्मुज जलघाँटीमा कुनै पनि अवरोध उत्पन्न हुँदा विश्वव्यापी व्यापार र ऊर्जा बजारमा ठूलो अनिश्चितता सिर्जना हुने खतरा रहने भएकाले अन्तर्राष्ट्रिय समुदाय यसप्रति संवेदनशील बनेको छ।

# सहकारी बचतकर्ताको रकम जेठ पहिलो सातादेखि फिर्ता गरिने

काठमाडौँ, २३ वैशाख (रासस) ।

सरकारले समस्याग्रस्त सहकारीको बचतकर्ताको रकम जेठ पहिलो सातादेखि फिर्ता गर्ने भएको छ ।

गत वैशाख ९ गतेदेखि काम थालेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सहकारी र बचतकर्ताको आवश्यक विवरण सङ्कलन गरेर बचत रकम फिर्ता गर्ने तयारी गरेको हो ।

समितिले गरेको अध्ययनअनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताको करिब रु ४६ अर्ब बचत फिर्ता गर्नुपर्ने छ । तीमध्ये अधिकांश साना बचतकर्ता रहेको समितिले जनाएको छ ।

पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । कुल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिका सदस्यसचिव रविन ढकालले जानकारी दिनुभयो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले बचत फिर्ताका लागि धेरै काम भइसकेको र अब फिर्ता गर्ने काम सुरु हुने जानकारी दिनुभयो । "सहकारी बचतकर्ताको रकम फिर्ता गर्नेबारे धेरै काम गरिसकेका छौँ । साना बचतकर्ताको रकम पहिले फिर्ता गर्छौं," उहाँले भन्नुभयो ।

समितिले आफ्नो कार्यविधि तय गर्दै 'बचत फिर्ता कार्य आरम्भ गर्ने र कर्जा असुलीमा प्राथमिकता दिने नीति अवलम्बन गरिने' जनाएको छ । समितिले मागदाबीकर्ता बचतकर्ताको बचत फिर्ता गर्ने कार्य आगामी जेठको पहिलो हप्ताबाट आरम्भ हुने र मागदाबी छुट भएका बचतकर्ताको पुनः मागदाबी गर्ने समय आगामी साउनको पहिलो हप्तामा खुला गरिने जनाएको छ ।

समितिका अनुसार नेपाल सरकारबाट चक्रीय कोषमा विनियोजित रकम सम्बन्धित समितिको कोषबाट नपुग हुन गएमा सापटीका रूपमा मात्र खर्च गरिने पनि स्पष्ट पारिएको छ । समितिका सदस्यसचिव ढकालले कर्जा असुलीका लागि समितिले कानुनबमोजिम कठोर नीति अवलम्बन गर्ने जानकारी दिनुभयो ।

# बिपी राजमार्गः जानकारी लिएर मात्र यात्रा गर्न आग्रह

काभ्रेपलाञ्चोक, २३ वैशाख (रासस) ।

बेमौसमी वर्षाका कारण प्रायः दैनिक राजमार्ग अवरुद्ध हुने भएपछि बिपी राजमार्गमा अवस्था बुझेर मात्रै यात्रा गर्न सुरक्षा निकायले आग्रह गरेको छ । जिल्ला सुरक्षा समितिले मङ्गलबारदेखि राजमार्गमा रातको समयमा भने अनिश्चितकालीन आवागमन बन्द गराइसकेको छ ।

समितिले वर्षालगायत जोखिमका कारण साँझ ५:०० देखि बिहान ५:०० बजेसम्म अनिश्चितकालीन राजमार्गमा आवागमन बन्द गराएको हो । बेमौसमी वर्षाका कारण रोशी खोलामा बाढी आउँदा खोलाको सतह बढेर 'डाइभर्सन' बगाउँदा सडक अवरुद्ध हुने भएकाले मङ्गलबारदेखि रातिको समयमा अनिश्चितकालीन रागमार्ग बन्द गराइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रविन विष्टले जानकारी दिनुभयो । उहाँका अनुसार मौसमी अवस्थाअनुसार पुनः राजमार्गमा आवागमन नियमित गराइनेछ ।

यसैबीच सोमबारको वर्षाका कारण बिपी राजमार्गअन्तर्गत रोशी गाउँपालिका-७ स्थित लास्कोट र घुमाउनेको बीचमा फसेका यात्रुको राति उद्धार गरिएको थियो । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले पाँचवटा माइक्रोबसका ८९ यात्रुलाई बुधबार बिहान १:०० बजे सकुशल उद्धार गरी गन्तव्यतर्फ पठाएका हुन् । वर्षात्पछिको बाढीले रोशी क्षेत्रमा बिपी राजमार्गमा बनाइएको अस्थायी डाइभर्सन बगाउन थालेपछि सुरक्षा निकायले सोमबार साँझ ५:०० बजेदेखि नै उक्त क्षेत्रमा आवागमन बन्द गराएको थियो । राजमार्ग अवरुद्ध भएपछि सवारीसाधनलाई राजमार्गको प्रवेशमार्ग धुलिखेल तथा काभ्रेभन्ज्याङ र मङ्गलटार तथा सिन्धुलीको नेपालथोकमा 'होल्ड' गराइएको थियो ।

प्रहरीले राजमार्गको अवस्था बुझेर मात्रै दिनको समयमा यात्रा गर्न सर्वसाधारणलाई अनुरोध गरेको छ भने अर्को सूचना जारी नभएसम्म उक्त खण्डमा यात्रा नगर्न सडक यात्रुलाई अपिलसमेत गरिएको छ । बेमौसमी वर्षाका कारण पटकपटक रोशी खोलाको बाढीले बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिकाको चौकीडाँडादेखि सिन्धुलीको नेपालथोकसम्मका विभिन्न स्थानमा अस्थायी डाइभर्सन बगाउँदा सडक अवरुद्ध हुँदै आएको थियो ।

गत सालको बाढीपहिरोले रागमार्गको चौकीडाँडा, रोशी तथा सिन्धुलीको नेपालथोक क्षेत्रमा १८ किमी सडक बगाएपछि खोलामै डाइभर्सन निर्माण गरी आवागमन भइरहेको थियो । हाल उक्त क्षेत्रमा स्थायी सडक निर्माण भइरहेको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ ।

# पूर्वविशिष्टको दोहोरो सवारीसुविधामा सरकारको निगरानी : विवरण बुझाउन गृहलाई प्रधानमन्त्री कार्यालयको निर्देशन

काठमाडौँ, २३ वैशाख (रासस) ।

राज्यकोषबाट दोहोरो र असीमित सुविधा लिने प्रवृत्तिलाई नियन्त्रण गर्न सरकारले सक्रियता देखाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पूर्वविशिष्ट पदाधिकारीले प्रयोग गरिरहेको सवारीसाधनको यथार्थ विवरण बुधबारै उपलब्ध गराउन गृह मन्त्रालयलाई कडा निर्देशन दिएको छ ।

प्रधानमन्त्री कार्यालयद्वारा गरिएको पछिल्लो अध्ययनले केही पूर्वविशिष्ट पदाधिकारीहरूले कानुनले तोकेकोभन्दा बढी सवारीसाधन प्रयोग गरेको वा फरकफरक निकायबाट दोहोरो सुविधा लिइरहेका तथ्य फेला पारेपछि गृहसँग विवरण माग गरिएको हो ।

गृहको निर्देशनमा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वप्रधानन्यायाधीश, पूर्वसभामुख र पूर्वराष्ट्रियसभा अध्यक्षहरूले लिइरहेको सुविधाको पूर्ण विवरण कार्यालय समयभित्र इमेलमार्फत पठाउन ताकेता गरिएको छ ।

यस कदमबारे जानकारी दिँदै प्रधानमन्त्री बालेन्द्र शाहकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले राज्यकोषको दुरुपयोग रोक्न र सुशासन कायम गर्न सरकारले कडाइका साथ विवरण माग गरेको बताउनुभयो । उहाँका अनुसार "कानुनले तोकेभन्दा बाहिर गएर लिइएका सुविधाको पहिचान गरी प्रणालीलाई पारदर्शी बनाउनु यो निर्देशनको उद्देश्य हो ।"

विगत लामो समयदेखि पूर्वविशिष्टहरूले मापदण्डविपरीत सरकारी स्रोतसाधनको प्रयोग गरिरहेका भन्दै आलोचना भइरहेका बेला सरकारले यो सक्रियता देखाएको हो । गृह मन्त्रालयबाट प्राप्त हुने विवरणका आधारमा मापदण्डभन्दा बढी सुविधा लिनेको सवारीसाधन फिर्ता गर्ने र सुविधासम्बन्धी प्रक्रियालाई थप व्यवस्थित बनाउने सरकारको तयारी छ ।

# मविव क्याम्पसमा पहिलो पटक आइसीटि तालिम सुरु




**दैनिक समाचारदाता राजविराज, २३ बैशाख ।**

महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा पहिलो पटक पाँच दिने आइसीटि तालिम सुरु भएको छ । क्याम्पसकै इतिहासमा सम्भवत पहिलो पटक यस्तो तालिम सुरु भएको हो ।

युनिभरसिटि ग्रान्टस कमिशनको सहयोग तथा मविव क्याम्पस अन्तरगत रिसर्च म्यानेजमेन्ट सेलको आयोजनामा उक्त पाँच दिने आइसीटि तालिमको शुभारम्भ भएको छ ।

क्याम्पस प्रमुख डा.सुशील चन्द्र कर्णको अध्यक्षतमा तथा लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्व रजिस्ट्रार डा.पिताम्बर लाल यादवको प्रमुख आतिथ्यमा तालिम उद्धघाटन कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, राजविराज नगरपालिकाका पूर्व मेयरद्वय गोविन्द सिंह र शैलेश चौधरी, सुरक्षा निकायका प्रमुख, कृषि विश्वविद्यालयका अनुसन्धान निर्देशक, जनकपुर क्याम्पस र सिरहा क्याम्पसका प्रमुखहरु, म.वि.ब.क्याम्पसका पूर्व क्याम्पस प्रमुखहरु तथा वर्तमान सहायक क्याम्पस प्रमुखहरुसहितका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

सोही कार्यक्रममा सोही क्याम्पसका उपप्राध्यापक सुरेन्द्र प्रसाद गुप्ताद्वारा लिखिति 'अनुसंधान की अन्तर्धारा' नामक पुस्तकको विमोचन समेत गरिएको छ ।

कार्यक्रममा स्वागत मन्तव्य रिसर्च म्यानेजमेन्ट सेलका सदस्य उमेश कुमार यादवले तथा कार्यक्रमको औचित्यमाथि रिसर्च म्यानेजमेन्ट सेलका निर्देशक महेश कुमार चौधरीले गरेका थिए ।

# पाठ्यक्रम समयसापेक्ष पुनरावलोकनका लागि कार्यदल गठन

काठमाडौँ, २३ वैशाख (रासस) ।

सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई समयसापेक्ष पुनरावलोकन गर्ने भएको छ । उक्त प्रयोजनका निम्ति शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई पुनरावलोकन गर्न तथा नयाँ दिशा दिन प्राडा बालचन्द्र लुइँटेलको संयोजकत्वमा कार्यदल एक कार्यदल गठन गरेको हो ।

कार्यदलको सदस्यहरूमा डा लेखनाथ पौडेल, डा मिनाक्षी दाहाल, डा अमिना सिंह, पवित्रबहादुर गौतम, प्रमोद भट्ट, ज्ञानेन्द्र मल्ल, सागेन्द्र श्रेष्ठ, रिचा न्यौपाने, रेवती कार्की तथा सदस्यसचिवमा पाठ्यक्रम विकास केन्द्रका महानिर्देशन रहनुभएको छ । राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन परिषद्को ९८औँ बैठकको निर्णयानुसार कार्यदल गठन गरिएको हो ।

बदलिँदो परिवेशअनुसार पाठ्यक्रमलाई समयसान्दर्भिक बनाएर लैजाने तथा नैतिक शिक्षालगायतलाई पाठ्यक्रममा समावेश गर्नेगरी कार्यदल गठन गरिएको मन्त्रालयले जनाएको छ ।

*निजामती ट्रेड ...*

गर्न बनेको अध्यादेश, २०८३ मार्फत निजामती सेवा ऐन, २०४९ को दफा ५३ मा रहेको ट्रेड युनियनसम्बन्धी व्यवस्था खारेज भएको जानकारी दिनुभयो ।

अध्यादेशले उक्त व्यवस्था गरेसँगै मन्त्रालय, विभाग, आयोग, सचिवालय तथा सबै सरकारी निकायमा रहेका ट्रेड युनियनका कार्यालय बन्द गर्न निर्देशन दिएको हो । सरकारले ट्रेड युनियनका प्रयोजनका लागि प्रयोग भइरहेका सरकारी भवन, कार्यकक्ष, सवारीसाधनलगायतका अन्य सेवा सुविधा तत्काल सम्बन्धित कार्यालयलाई फिर्ता गर्न भनेको छ ।

ट्रेड युनियनका विभिन्न स्तरका समितिमा आवद्ध भएका कर्मचारीलाई तोकिएको दरबन्दीअनुसारको कार्य जिम्मेवारीमा खटाउने व्यवस्था मिलाउन भनेको छ ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*